# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम(पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सुचना नं. २०/०७७/०७८

**प्रथम पटक प्रकाशित मिति: २०७७।०९।२९**

विषय: ठेक्कामा दिने बारेको १५ दिने सुचना।

यस गाउँ कार्यपालिकाको मिति २०७७।०९।०२ को निर्णयानुसार यस गाउँपालिका वडा नं ५ स्थित कमलको जरा निकाल्ने कार्यलाई व्यवस्थित तथा नियमन गर्न ठेक्का प्रक्रियामा दिन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

इच्छुक संघ,संस्था तथा व्यक्तिहरुले तपशिलका शर्तको अधिनमा रही शिलबन्दी प्रस्ताव तोकिएको मिति र समयमा यस कार्यालयमा दर्ता गराउन हुन अनुरोध छ।

| ठेक्का नं | ठेक्काको नाम | न्युनतम ठेक्का कबोल अङ्क (मु.अ.क. बाहेक) | शिलबन्दी प्रस्ताव खरिद दस्तुर | प्रस्ताव किन्ने अन्तिम मिति | प्रस्ताव पेश गर्ने/ खोलिने मिति |
|---|---|---|---|---|---|
| SRM/०२/०७७/०७८ | कमलको जरा संकलन | रु १,००,००० (एक लाख रुपैया मात्र) | रु ५००।- | २०७७।१०।१४ | २०७७।१०।१५ दिउसो १२ वजे सम्म पेश गर्ने र २ वजे खोल्ने |

ठेक्काको शर्तहरुः

१. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा बिदापछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ

२.आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिएको हुनुपर्नेछ। यदि अंक र अक्षरको रकम फरक पर्न गएमा अक्षरको रकम मान्य हुनेछ। कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम यस गाउँपालिकाको नाममा रुकुमकोट रुकुम (पूर्व) शाखामा रहेको धरौटी खाता नं १८९०३००००३००००००००१ मा जम्मा गरि भौचर पेश गर्नुपर्नेछ।

३.शिलबन्दि प्रस्ताव पेश गर्ने व्यक्तिले अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्र र गाउँपालिकामा बुझाउनुपर्ने सबै प्रकारका कर चुक्ता गरेको प्रमाण (वडा कार्यालयबाट) वा संघ संस्थाले संस्था दर्ता/नवीकरण सम्बन्धि कागजातहरु पेश गरि नगदि रसिद संलग्न राख्नुपर्नेछ।

४.साविकमा यस कार्यालयलाई तिर्न वुझाउन वाँकि रहने व्यक्ति वा संघ संस्थाले ठेक्कामा सहभागी हुन पाउने छैन।

५.कमलको जरा संकलन गर्ने समयावधि सम्झौताको मिति देखी लागु हुने गरि २ महिना सम्म रहने छ। प्रस्तावदाताले उक्त अवधि भन्दा वढि समय कमलको जरा निकाल्न दावी गर्न पाउने छैन।

६.ठेक्का सम्बन्धी लाग्ने कर दस्तुर ठेकेदार स्वंयमले नै व्यहोर्नु पर्नेछ।

७.ठेक्का स्वीकृत तथा सुचना संसोधन सम्बन्धी निर्णय गर्ने अधिकार गाउँपालिकामा नै निहित हुनेछ।

८.ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ दिनभित्र आफुले कबोल गरेको रकम एकमुष्ट बुझाउनुपर्नेछ।

९.कमलको जरा संकलन सम्बन्धि अन्य व्यवस्था ठेक्का सम्झौताबमोजिम हुनेछ।

चिन्तामणि दाहाल
नि.प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"